# प्रेस विज्ञप्ति- २५०

# Press Release-250

लागू औषध नियन्त्रण ब्यूरो

Narcotics Control Bureau

कोटेश्वर, काठमाडौ

मिति: २०७५।१२।१५ गते।


## ६४३ के. जी. लागू औषध चरेस र चरेस बनाउन तयारी गाँजाको धुलो सहित मानिस पक्राउ

मिति २०७५।१२।१४ गते जिल्ला धादिङ्ग गजुरी गाउँपालिका वडा नं. ७ पेटार घर ठेगाना भएका तिर्थ भन्ने सुकमान तामाङ्ग लगायतले जिल्ला धादिङ्ग गजुरी गा.पा. वडा नं. ७ पेटार स्थित निजकै घरमा ठुलो परिमाणमा अबैध रुपमा लागू औषध गाँजा खरिद संकलन गरेर चरेस तयार गर्ने कारखाना संचालन गरी ठुलो परिमाणमा अबैध लागू औषध चरेस तयार गरी संचय, खरिदबिक्रि, बितरण, ओसारपसार समेतको कारोबार गर्ने गरेको भनी बिशेष सुराकीले लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वर काठमाण्डौंमा दिएको गोप्य सूचनाको आधारमा मिति २०७५।१२।१४ गते ११ बजेको समयमा लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वर काठमाण्डौंबाट खटिईएको प्रहरी टोलीले जिल्ला धादिङ्ग गजुरी गा.पा. वडा नं. ७ पेटार स्थित तिर्थ भन्ने सुकमान तामाङ्गको घर, भैसी बाध्न प्रयोग गरेको गोठघर भित्र र आँगन समेतबाट जम्मा लागू औषध चरेस ११०.८५ के.जी., लागू औषध चरेस बनाउनका लागी तयारी अवस्थाको गाजाँको धुलो जम्मा ५३२.४० के.जी. सहित जम्मा **लागू औषध चरेस गाँजा ६४३.२५ के.जी.** सहित निज तिर्थ भन्ने सुकमान तामाङ्गको श्रीमती बर्ष ४५ की सुकुमाया तामाङ्गलाई पक्राउ गरिएको छ।

प्रारम्भिक अनुसन्धानको क्रममा उक्त चरेस भारत तिर निकासी हुने गरेको समेत खुल्न आएको र निज सुकुमाया तामाङ्ग र निजको श्रीमान तिर्थ भन्ने सुकमान तामाङ्ग समेत मिलेर चरेसको कारोबार गर्ने गरेकोमा उक्त समयमा तिर्थ भन्ने सुकमान तामाङ्ग फेला नपरेको र अन्य आवश्यक अनुसन्धान कारबाही जारी रहेको ब्यवहोरा जानकारीको लागी अनुरोध।

•••


फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com


उमेर -४५ वर्ष
ठेगाना - जिल्ला धादिङ गजुरी- ७
पक्राउ मिति - २०७५।१२।१४ गते।
पक्राउ स्थान- जिल्ला धादिङ
गजुरी- ७
जम्मा - ६४३.२५ के.जी
भवानी सिमेन्ट
GORKHA FEED
Made in Nepal
विजया गोल्ड
VIJAYA GOLD
L·3



